

स्मृतिको गहिराइमा “गैरी खेतको रोपाई” (२)

✍ विमल लामिछाने


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**




दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ — सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता — राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १७२ ❑ २०८३ असार १७ गते बुधबार ❑ Wednesday, 1 July, 2026 ❑ मूल्य ७ /-


### रास्वपाले तोड्यो परम्परा, ९९ सदस्यीय समितिमा ५० जना महिला

# दलीय राजनीतिमा महिलाको वर्चश्व

✍ खगेन्द्र कार्की

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पहिलो महाधिवेशनबाट निर्वाचित ९९ सदस्यीय केन्द्रीय समितिमा ५० जना महिला निर्वाचित गर्दै नेपालको बहुदलीय राजनीतिक इतिहासमा नयाँ कीर्तिमान कायम गरेको छ । चितवनमा १२ असारसम्म सम्पन्न महाधिवेशनबाट प्रत्यक्ष निर्वाचनमार्फत ५१ प्रतिशत महिला केन्द्रीय सदस्य निर्वाचित भएका हुन् ।

राजनीतिक विश्लेषक तथा इतिहासका जानकारहरूका अनुसार २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि खुलेका राजनीतिक दलमध्ये कुनै पनि दलको केन्द्रीय समितिमा निर्वाचनबाट आधाभन्दा बढी महिला निर्वाचित भएको यो पहिलो घटना हो ।

रास्वपाको यो उपलब्धिले संविधानले निर्धारण गरेको न्यूनतम समावेशी व्यवस्थालाई मात्र होइन, नेपाली राजनीतिमा महिला नेतृत्वबारे स्थापित अभ्यासलाई समेत चुनौती दिएको छ । संविधानले राज्यका सबै निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । अधिकांश राजनीतिक दलले पनि विधानमा सोही व्यवस्थालाई आधार बनाएर महिला प्रतिनिधित्व सुनिश्चित गरेका छन् । तर रास्वपाले कोटाको भर नपरी निर्वाचन प्रतिस्पर्धाबाटै महिलालाई बहुमत दिलाएको छ ।

रास्वपाको कुल केन्द्रीय समिति १५८ सदस्यीय रहने व्यवस्था छ । विधानअनुसार कम्तीमा ५३ जना महिला हुनुपर्ने भए पनि निर्वाचित ९९ सदस्यमै ५० महिला चयन भएका छन् । अब सभापतिले मनोनयन गर्ने ५१ सदस्यमध्ये पनि उल्लेख्य संख्यामा महिला समावेश हुने भएकाले अन्तिम संरचनामा महिला सहभागिता अझ बढ्ने देखिएको छ ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक दिपेश घिमिरेका अनुसार यो परिणाम नेपाली राजनीतिमा पुस्तान्तरणसँगै लैङ्गिक प्रतिनिधित्वको नयाँ संकेत हो । उनका अनुसार बहुदलीय व्यवस्थाको सात दशकभन्दा लामो इतिहासमा महिलाले यस्तो हैसियतमा नेतृत्व तहमा प्रवेश गरेको उदाहरण भेटिँदैन । “निर्वाचन जितेर नेतृत्वमा पुग्नु ठूलो कुरा हो । देशको करिब ५१ प्रतिशत जनसंख्या महिला छ । त्यसअनुसार राजनीतिमा पनि महिलाको नेतृत्व सम्भव छ भन्ने सन्देश यसले दिएको छ,“ उनी भन्छन् ।

उनका अनुसार रास्वपाको यो अभ्यासले अन्य राजनीतिक दललाई पनि महिलामैत्री संगठन निर्माण गर्न दबाब सिर्जना गर्नेछ । महिलालाई अवसर, प्रतिस्पर्धा र नेतृत्वको वातावरण उपलब्ध बाँकी ४ पेजमा ▸▸

## आधादर्जन मेयर पदका आकांक्षी

**बिर्तामोड/** नजिकिदै गरेको स्थानीय तहको निर्वाचनअन्तर्गत बिर्तामोडको मेयर पदका लागि सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीमा आधा दर्जनभन्दा बढी आकांक्षी देखिएका छन् । पार्टीको बिर्तामोड नगर समितिदेखि जिल्ला समितिका सदस्यसम्मले आकांक्षा व्यक्त गरेका छन् । बिर्तामोड नगरपालिकाको मेयर पदको उम्मेदवार बन्नका लागि दिपक दिनेश दाहाल, राजकुमार घिमिरे, अर्जुन उप्रेती, प्रभास थापा मगर, सिर्जन अधिकारी, डिल्ली न्यौपाने, उत्तम खनाल, बलराम कार्कीलगायतले आकांक्षा व्यक्त गरेको बुझिएको छ । फागुन २१ को निर्वाचनमा दुई तिहाईको नजिक जनमत जितेको रास्वपाको माहौल देखेर आउँदो स्थानीय तहको निर्वाचनमा धेरै आकांक्षी देखिएका हुन् । अन्य दलहरू भने चुपचाप छन् । जेनजी आन्दोलनअघि एमाले र कांग्रेसमा धेरै आकांक्षी देखिएका थिए । देशको राजनीतिक माहौल देखेर एमाले, कांग्रेसलगायतका दलहरूले स्थानीय तहको निर्वाचनमा गठबन्धन गर्ने संभावना रहेको छ । बिर्तामोड नगरपालिकामा एमालेको वर्चस्व रहँदै आएको छ ।

## सक्कल मिसिल झिकाउन आदेश

**दमक/** नेकपा (एमाले) का उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णु पौडेलले दायर गरेको बन्दीप्रत्यक्षीकरण रिट निवेदनमा सर्वोच्च अदालतले विशेष अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल झिकाउन आदेश दिएको छ ।

न्यायाधीशद्वय विनोद शर्मा र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले विशेष अदालतमा सुलभ अग्रवाल र दीपक भट्ट प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको सक्कल मिसिल सर्वोच्च अदालतमा पेश गर्न आदेश दिएको हो ।

उक्त मिसिल अध्ययनपछि रिट निवेदनमाथिको सुनुवाइलाई अगाडि बढाइने अदालतले जनाएको छ ।

## अटो दुर्घटनामा ६ जना घाइते

**पाँचथर/** फिदिम नगरपालिका-४, माझीटारमा अटो दुर्घटना हुँदा चालक सहित ६ जना घाइते भएका छन ।

घाइते हुनेमा अटो चालक फिदिम नगरपालिका-२, ओदिन निवासी ५० वर्षीय दीपक सुब्बा त्यसै गरी ६० वर्षीय कुबेर तुम्बापो, ७७ वर्षीय दलप्रसाद तुम्बापो, ३५ वर्षीय कैलाश सुब्बा, ६० वर्षीय राम आङदेम्बे र ७२ वर्षीय वीरबहादुर लिम्बू रहेको पाँचथर प्रहरीले जनाएको छ ।

फिदिमबाट माझीटारतर्फ जाँदै गरेको प्र.१-०३-००१ स. ०१११ नम्बरको अटो मंगलबार दिउँसो १२ बजे आफै अनियन्त्रित भई दुर्घटनामा परेको थियो ।

दुर्घटनामा परेका घाइते मध्ये दुई जना कुबेर बाँकी ४ पेजमा ▸▸

# कोशीमा सत्तापक्षकै विरोधले प्रदेशसभा बैठक प्रभावित

**दमक/** कोशीमा मुख्यमन्त्रीको प्रस्तावलाई असन्तुष्ट सांसदहरूले अस्वीकार गरिदिएपछि प्रदेशसभाको बैठक प्रभावित बनेको छ । असन्तुष्ट पक्षले आफ्ना माग सम्बोधन नभए संसद् चल्न नदिने चेतावनी दिएका छन् । कोशी प्रदेश बजेटलाई लिएर सत्तारुढ र असन्तुष्ट सांसदहरूबीचको विवाद समाधान हुन नसक्दा प्रदेशसभा बैठक पुन: स्थगित भएको छ ।

मंगलबार दिउँसो १ बजेका लागि तय गरिएको प्रदेशसभाको नवौं अधिवेशनको १६औं बैठक स्थगित गरी आगामी असार १८ गते बिहीबारका लागि सारिएको हो। प्रदेशसभा सचिवालयका सचिव सुदर्शन खड्काद्वारा जारी सूचना अनुसार, सरकारको अनुरोधमा बैठकको मिति परिवर्तन गरिएको हो ।

यसअघि असार ११ गते बिहीबारका लागि निर्धारण गरिएको बैठक पनि विशेष कारण देखाउँदै स्थगित गरेर मंगलबारका लागि तय गरिएको थियो । तर बजेटमा देखिएको राजनीतिक असमझदारी कायमै रहेकाले सरकारकै आग्रहमा सभामुखले बैठक पुन: दुई दिन पछाडि सारेको बताइएको छ ।

‘मिति २०८३ साल असार ११ गते सूचना प्रकाशित गरी असार १६ गते मंगलबार दिनको १:०० बजे बस्ने गरी निर्धारण भएको कोशी प्रदेश सभाको नवौं अधिवेशनको १६औं बैठक सरकारको अनुरोधमा उक्त समयमा बस्न नसक्ने भएको भन्दै सभामुखले बैठक सम्वत् २०८३ साल असार १८ गते बिहीबार दिनको १:०० बजे बस्ने गरी निर्धारण गर्नुभएको छ,’ सचिवालयले जारी गरेको सूचनामा उल्लेख छ ।

बजेट विनियोजन सन्तुलित नभएको र एकलौटी ढङ्गले ल्याइएको भन्दै सत्तारुढ गठबन्धन र प्रतिपक्षका असन्तुष्ट सांसदहरूले संशोधनको माग राख्दै आएका छन् । यसै विषयमा असन्तुष्ट सांसदहरू र मुख्यमन्त्री हिक्मतकुमार कार्कीबीच छलफल भए पनि कुनै सहमति जुट्न सकेन ।

### कार्यकर्ताको तीव्र दबाब आएपछि

# पछि हटे ओली र दाहाल



**दमक/** कार्यकर्ताको तीव्र दबाब आएपछि पार्टी एकताबाट तत्काललाई ओली र दाहाल पछि हटेका छन् । केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले र पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको नेकपाबिच पार्टी एकताको चर्चा चुलिएका बेला दुवै नेताले तत्काल पार्टी एकता असम्भव भएको अभिव्यक्ति दिएका छन् ।

असार १४ गते एमालेका तत्कालीन महासचिव जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा काठमाडौंमा भएको कार्यक्रममा ओली, प्रचण्डसहित माधव नेपाल र झलनाथ खनालले एउटै मञ्च सेयर गरेपछि धेरैजसोले दुई पार्टीबिच एकताको तयारीका रूपमा बुझेका थिए ।

गत चुनावमा लज्जास्पद नतिजा बेहोरेका दुवै दलले आगामी स्थानीय निर्वाचनलाई मध्यनजर गर्दै पार्टी एकता गर्न लागेका हुन् कि भन्ने विपक्षी र दुवै पार्टीका नेता कार्यकर्ताले समेत आँकलन गरेका थिए । यो बिचमा एमाले र नेकपा दुवै पार्टीका केही नेताहरूले पार्टी एकताका लागि संवाद र छलफल समेत चलाएका समाचारहरु सार्वजनिक भएपछि दोस्रो तहका नेता कार्यकर्ताबाट दुबैतर्फ तिव्र आलोचना भएको थियो ।

मदन जयन्तीकै अवसरमा नेकपाका नेताहरू प्रचण्ड, नेपाल र खनालले सहकार्य गर्दै एकतासम्म पुग्न सकिने आशय प्रकट गरेका थिए । तर, यसअघि गरिएको आँकलनविपरित ओली र प्रचण्डले तत्काल एकता नहुने पार्टी पङ्क्तिमा प्रस्ट पारेका छन् । सोमबार नेकपाको केन्द्रीय समितिको भर्चुअल बैठकमा नेकपा संयोजक प्रचण्डले महाधिवेशन अघि बाँकी ४ पेजमा ▸▸

### बाढीबाट उत्पन्न जोखिम न्युनिकरणमा

## झापा रेडक्रसले गर्‍यो पूर्वतयारी

**दमक/** झापामा बर्सेनि आउने बाढी र त्यसले पार्ने मानवीय संकटलाई ध्यानमा राख्दै नेपाल रेडक्रस सोसाइटीले यस वर्ष तल्लो तटीय क्षेत्रमा विशेष पूर्वतयारी र खाद्यान्न भण्डारणको व्यवस्था मिलाएको जनाएको छ । यस सम्बन्धमा जानकारी दिंदै नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले भने, “रेडक्रसको आँकडाअनुसार जिल्लाका आठ हजारभन्दा बढी घरधुरी बाढीको अति उच्च जोखिममा छन् । विगतका वर्षहरूमा हामीले ठूलो मानवीय क्षति ब्यहोर्नु परेकाले यस पटक पूर्वसूचना प्रणाली र स्थानीय तहको सक्रियतामा विशेष जोड दिएका छौँ । हाम्रा १२० जनाभन्दा बढी स्वयंसेवक र प्राथमिक उपचार टोली खोज तथा उद्धार सामग्रीसहित जिल्लाभर तयारी अवस्थामा छन् । स्थानीय तह र सुरक्षा निकायसँगको सहकार्यमा सुरक्षित आश्रयस्थल र राहत सामग्रीको व्यवस्थापन चुस्त बनाएका छौँ ।”उनले भने । आकस्मिक अवस्थाका लागि जिल्लाका सात स्थानमा खाद्यान्नलगायतका राहत सामग्री भण्डारण गरेर राखिएको छ ।

### झापामा बाढी र डुवानको जोखिम

# उच्च सतर्कता अपनाउन आग्रह

**दमक/** जिल्ला प्रशासन कार्यालयले झापाले एक विज्ञप्ति जारी गर्दै मनसुनी गतिविधि बढेर मेघगर्जन र चट्याङसहित ठूलो वर्षा हुन सक्ने भएकाले नदी तटीय क्षेत्र र डुबानको जोखिममा रहेका सर्वसाधारणलाई सचेत रहन विशेष आग्रह गरेको छ । जल तथा मौसम विज्ञान विभागले पूर्वी तराईसहित देशका विभिन्न स्थानमा भारी वर्षाको पूर्वानुमान गरेपछि जिल्ला प्रशासन कार्यालय झापाले सम्भावित बाढी तथा डुबानको जोखिमलाई मध्यनजर गर्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

प्रशासनले अकस्मात बाढी आउन सक्ने खोला तथा खहरेको बाटो हुँदै यात्रा नगर्न, खोला-खहरे नतर्न र सुरक्षित स्थानबारे पूर्वजानकारी लिन अनुरोध गरेको हो । जिल्लाका मुख्य नदीहरु कनकाई, बिरिङ, रतुवा, मेची, मावा र निन्दा नदी आसपासका क्षेत्रहरु बाढीबाट बढी प्रभावित हुने गरेका छन् । जिल्लाका १५ पालिकामध्ये दक्षिणी भेगका गौरीगञ्ज, कचनकवल, बाह्रदशी, झापा, कमल, शिवसताक्षी र भद्रपुर नगरपालिका बाढी र डुबानको उच्च जोखिममा रहेका छन् । सम्भावित विपद्को सामना गर्न र जनधनको क्षति न्यूनीकरण गर्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी र स्थानीय तहका संयन्त्रहरूलाई राहत सामग्रीसहित तयारी अवस्थामा राखिएको छ ।

# रास्वपाको निर्वाचन आयोगमा उजुरी

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशनअन्तर्गत गण्डकी प्रदेशबाट केन्द्रीय सदस्यमा निर्वाचित सोम शर्माले आफ्नो नाम सूचीबाट हटाइएपछि पार्टीको निर्वाचन आयोगमा उजुरी दिएका छन् । शर्माले आइतबार निर्वाचन आयोगलाई पत्र लेख्दै आफूलाई हटाइनु अन्यायपूर्ण र विधानविपरीत भएको दाबी गरेका हुन् ।

गण्डकी भूगोलबाट केन्द्रीय सदस्यका लागि भएको निर्वाचनमा शर्मा ९९३ मत प्राप्त गरी चौथो स्थानमा विजयी भएका थिए । निर्वाचन आयोगले उनलाई निर्वाचित भएको घोषणा समेत गरिसकेको थियो । तर, हाल आएर कुनै पूर्वसूचना र स्पष्टीकरणबिना नै आफ्नो बाँकी ४ पेजमा ▸▸

# पहिरोले २८ घर विस्थापित

***संखुवासभा/*** *अविरल वर्षापछि आएको पहिरोबाट संखुवासभामा एक स्वास्थ्य केन्द्रसहित २८ घर विस्थापित भएका छन् । सिलिचोङ गाउँपालिका-१ मा वर्षासँगै बाढीपहिरोबाट तेन्छोडमा हालसम्म विस्थापितको संख्या २८ पुगेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक धनबहादुर राजवंशीले तल्लो तेन्छोडका मनकुमार राई, नौबहादुर राई, मनबहादुर राई, धानराम राई, तिलकप्रसाद राई, नरेश कुलुङ, योगेन्द्र राई, विजय राई, मणिधन राई, सन्तोष राई, नन्दु राई, धनबहादुर राई, कल्पना राई, आश्रम राई, प्रविसुक राई, अग्रज राई, पूर्णमान राई, फगेन्द्र राई, बाबुराम राई, विन्दुर राईको घर विस्थापित भएको जानकारी दिए ।*

*पहिरोले तेन्छोडको सामुदायिक स्वास्थ्यचौकी पनि जोखिममा परेको छ । त्यसैगरी, सिलिचोङ-१ मा रहेको कुन्ती राईको पाँच, धनपूर्ण राईको सात, मङ्गलबहादुर राईको छ, सुकप्रसाद राईको चार, मीरा राईको पाँच, धनमान राईको तीन, परिवार विस्थापित भएका छन् । पहिरोबाट बस्तीमाथिको जमिन चिरा परेपछि स्थानीय बासिन्दालाई सिसुवा प्रहरी चौकी र गाउँपालिकाको सहयोगमा सुरक्षित स्थानमा सारिएको प्रहरीले जनाएको छ । दुईवटा जलविद्युत् आयोजना क्षति पुग्दा गाउँका ६ सय भन्दा बढी घरपरिवार अन्धकारमा बस्न बाध्य छन् । सिसुवामा ६० किलोवाटको सिसुवाखोला लघुजलविद्युत र ३० किलोवाटको चटेक्मा लघुजलविद्युत आयोजनामा क्षति पुगेको छ ।*


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमक झापाको

**सार्वजनिक सुनूवाई सम्बन्धी सूचना**

दमक नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा भए गरेका काम, कारवाही, सेवा प्रवाह लगायतका विषयमा तपसिलको मिति, स्थान र समयमा दोस्रो अर्धबार्षिक सार्वजनिक सुनूवाई कार्यक्रम आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा उपस्थिति भइदिनुहुन सम्पुर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, सार्वजनिक सेवा प्रवाह गर्ने सवै कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संघसस्था, टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्ता समिति, स्थानीय बुद्धिजीबीहरु, स्थानीय सुरक्षा निकाय, नागरिक समाज, पत्रकार तथा सम्पुर्ण नगरवासी र सरोकारवालाहरु सम्बन्धित सबैमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**सार्वजनिक सुनूवाई हुने मिति, स्थान र समय**

☛ मिति: २०८३/०३/१९ गते शुक्रवार ☛ समय: दिनको १ बजे
☛ स्थान: दमक नगरपालिकाको प्राङ्गण

# सम्पादकीय

## धानमा परनिर्भरता कहिलेसम्म ?

नेपालमा हरेक वर्ष असार १५ गते राष्ट्रिय धान दिवस तथा दही-चिउरा खाने पर्व मनाईँदै आइएको छ । कोशी प्रदेशको धान सुपरजोन झापादेखि कञ्चनपुरसम्मका खेतका गराहरुमा हिलो छ्यापाछ्याप गर्दै उत्सव मनाउनु सांस्कृतिक रुपमा जति सुन्दर र जीवन्त देखिन्छ, यसको भित्री आर्थिक पाटो भने उति नै निराशाजनक र चिन्ताजनक छ ।

दुई दशकभन्दा लामो समयदेखि सरकारले तामझामका साथ यो दिवस मनाउँदै आए पनि प्रमुख खाद्यान्न बालीका रुपमा रहेको धान, चामल र यसको बीउमा मुलुकको परनिर्भरता तर्फ जानुले हाम्रा नीति र नाराहरु केवल वार्षिक कर्मकाण्डमा सीमित भएको पुष्टि गर्दछ ।


भन्सार विभाग र कृषि मन्त्रालयको तथ्यांकलाई मसिनो गरी केलाउने हो भने नेपाली कृषि अर्थतन्त्रको दयनीय अवस्था र सरकारी दाबीबीचको ठूलो खाडल प्रष्ट देखिन्छ । एकातिर आर्थिक वर्ष २०८१/८२ मा नेपालमा हालसम्मकै उच्च झन्डै ५९ लाख ५५ हजार मेट्रिक टन धान उत्पादन भएको सरकारी दाबी छ, तर अर्कोतिर सोही वर्ष देशमा झन्डै ४० अर्ब १८ करोड रूपैयाँ बराबरको धान, चामल र बीउ आयात भएको तथ्यांक छ । यो विरोधाभास चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिनाको अवधिमा पनि कायमै छ, जहाँ १८ अर्ब ९५ करोडभन्दा बढीको चामल र १७ अर्ब २३ करोडभन्दा बढीको धान नेपाल भित्रिसकेको छ ।

सरकारी अधिकारीहरु खेतमै गएर प्रत्यक्ष मापन गरिने हुनाले उत्पादकत्वको तथ्यांक सही भएको दाबी गर्छन् । आयात बढ्नुमा छिमेकी मुलुकको निर्यात सहुलियतका कारण व्यापारीले गर्ने पूर्व-भण्डारण, मदिरा उद्योग जस्ता गैरखाद्य क्षेत्रमा हुने प्रयोग र भन्सारको प्राविधिक त्रुटिलाई जिम्मेवार ठहऱ्याउने गरिन्छ । तर, यो तर्कले मात्रै राज्य आफ्नो दायित्वबाट उम्किन मिल्दैन ।

समस्या धान-चामलमा मात्र होइन, हाम्रो आफ्नै माटो सुहाउँदो बीउ उत्पादन गर्न नसक्दा बीउकै नाममा बर्सेनि अर्बौं रूपैयाँ विदेशिने क्रम तीव्र बनेको छ । धेरै फलाउने महत्वाकांक्षामा बिना-नियमन भित्र्याइएका चिनियाँ र भारतीय हाइब्रिड बीउका कारण नेपालको रैथाने बीउ लोप हुँदै गएको छ । यसले खेतीको लागत बढाउनुका साथै नेपाली कृषिलाई जलवायु परिवर्तन र नयाँ रोगव्याधिको उच्च जोखिममा धकेलिदिएको छ ।

आकाशे पानी र रासायनिक मलको अनिश्चित आपूर्तिमा टिकेको नेपाली कृषिलाई केवल कागजमा उत्पादकत्व बढेको देखाएर दिगो बनाउन सकिँदैन । अब केवल असार १५ मा खेतमा ओर्लेर फोटो खिचाउने र दही-चिउरा खाने औपचारिकताबाट माथि उठ्नुपर्छ । सरकारले रैथाने बीउको संरक्षण, बाह्रै महिना सिँचाइको ग्यारेन्टी, समयमै मलको उपलब्धता र वास्तविक बजार तथ्यांक प्रणालीका आधारमा ठोस एवं व्यावहारिक नीति बनाउन जरूरी छ ।

# स्मृतिको गहिराइमा 'गैरी खेतको रोपाईं'



✍ विमल लामिछाने

झमझम असारे झरी परिरहेको थियो । आकाश तिरमिराउँदै कालो बादल मडारिइरहँदा गैरी खेतका गह्राभरी पानी टिलपिलाएको थियो । गाउँ नै उथलपुथल हुने गरी असारको रौनक सुरु भइसकेको थियो, टुसुक्क बस्ने फुर्सद कसैलाई थिएन । न त कसैलाई थकाईको पर्वाह थियो, न त भोकको ।

लगभग पच्चीसवर्ष अघिको कुरा हो, 'गैरी खेतको रोपाइँ' । पेन्ट काटेर बनाइएको अर्धानु हाफ पेन्ट र ट्र्यालिङको आधाबाहुले सर्टको पहिरनमा काँधमा एउटा कोदाली भिरेर म पनि रोपाईँमा जाँन तयार भएँ ।

गाउँ सुनसान छ, मान्छहरु सबै खेत खेतमा ब्यस्त छन् । बाटामुनीका माल्दाइको गैरी खेतको रोपाईँमा भने निक्कै ठूलो तामझाम देखिन्थ्यो । पाँच, छ हल गोरु नारिएका थिए, रोपाहार, ब्याडे र बाहुसे गरी पचिस, तीस जना खेताला खेतका शीरैमा स्थायी बसेको थाप्लेढुंगामा भेला हुँदै थिए । भित्ताघरे दाइको छोरा रमेश र टारीघरे कान्छीकी छोरी चञ्चले ठिटी सुन्तली पनि कम्मरमा घुमको लपेतो बाँधेर पिलपिले फरीया उडाउँदै विउ काडेको पर्म तिर्न त्यही रोपाइँमा गैरीखेत झर्दै रहेछन् ।

बँधुवा कोरली फुत्किँदा उफिएझैं काँन्ला र पोथ्रा नाघ्दै हिँडेकी सुन्तलीले खित्का छोड्दै प्रश्न तेस्र्याइहालि - 'ए काका, गैरी खेतको रोपाईँमा हो ?' मैले भने- हो । 'ए ल आउँदै गर्नु है काका..' उनीहरु अघि बढे ।

त्यो वेला, असार सुरु हुनासाथ गाउँमा एउटा बेग्लै तरङ्ग आउँथ्यो । आकाशमा काला बादलका धब्सा मडारिँदै गड्याङ गुडुङ गर्नु, धररर पानी परिहाल्नु, एकै छिनमा फेरी घाम देखिनु र भ्यागुताको 'ट्र्याँर-ट्र्याँर'को गुन्जायस नै रोपाईँको साइत बनेर आउँथ्यो ।

सोह्रहाते पटुकीले कम्मरमा फेरा बाँधेर काँधमा काठको ठूलो फ्याउरी भिरेका टारीघरे काँईला बाजेले वर-पिपल चौतारीबाटै ठूलो स्वरमा घोक्रो फुलाए- 'असार भनेको मानो खाएर मुरी उब्जाउने महिना हो है, यसमा अल्छी गर्न हुन्न नि, सबैले समयमा नै काम शुरु गर... ।' तर हाम्रा लागि त असार भनेको काम मात्र कहाँ थियो र ? त्यो त वर्षभरीकै सबैभन्दा ठूलो उत्सव पनि थियो । पर्तिरका 'पदम बा'ले खेतका मुहाने आँठाको जरुवा भुल्भुलाएको रुखमुनी भित्तामा सीमेभूमे, नागनगिनी, जलकन्या फलाकेर धुपधुवाँइ गरि एकमुठी धानको विउ रोपेर दोप्परे भनेपछि बल्ल रोपाई शुरुभयो ।

बिहानैदेखि माइला दाइले हलगोरु नारेर हिलाम्मे खेतमा दाँदे कुदाइरहेका थिए । काठको दाँदेमाथि चढेर ठिङ्ग उभिएका माइला दाइले जब गोरुलाई 'हुर्... बुरुक्क' भन्दै हाँक्थे, तब हिलो र पानीको छिटा उछिट्टिएर सिधै खेतको आलीमा टेसिएका रोपाहारका गालासम्म पुग्थ्यो । रमेश कोदालीले आली ताछ्दै माथिल्लो गह्राबाट तल्लो गह्रा चियाउँदै थियो । त्यहाँ सुन्तली र उसका दौंतरी दिदीबहिनीहरू कम्मरमा पटुका बाँधेर, हरियो विउको मुठो हातमा लिई लामबद्ध भई भाउजुहरुसँग असारे गीतमा भाका मिलाउँदै थिए ।

'ए काले दाइ ! आली मात्रै तास्ने कि यता विउको मुठो पनि फ्याक्ने हो ? कि मन अन्तै डुल्यो ?' सुन्तलीले कम्मर मर्काउँदै, हातको विउ हल्लाएर रमेशलाई जिस्क्याई । उसको ओठमा खेलिरहेको त्यो चञ्चल मुस्कानले रमेशको छातीभित्र कता-कता ढ्याङ्गो ठोक्यो ।

रमेश के कम ? उसले दायाँ हातमा फ्याउरी समात्यो र माथिल्लो गह्राको धमिलो पानीलाई बलियो गरी हुत्यिायो ।... 'सैलुङ्गे डाँडामा कुहिरो लाग्यो...' भन्दै सुन्तलीले टाउको निहुराउन नपाउँदै हिलो मिश्रित पानीको फोहोरा सुन्तलीको पिठ्युँ र गालामा बजारियो । सुन्तली चिच्याई र छिमेकी कमिनी भाउजू र मगर्नी दिदीलाई गुहार्न थाली । त्यसपछि त के चाहियो र ! छेउघरे, धने, मणी, दाहाल कान्छा, भवानी र बलरामहरु कुर्लिदै बाहुसे गरिरहेका थिए । धनेले तल्लो गह्रामा हिलो चब्ल्याङ के पारेको थियो, कमली बुरुक्कै उफिएर तीनकान्ला मुनी हिलो छ्यापिहाली । आली ताछ्ने बाहुसे र धान रोप्ने रोपाहारबीच हिलो छ्यापाछ्यापको युद्ध नै चल्यो । कोही हिलोमा चिप्लिएर लड्थे, कोही अरूलाई लडाउँथे । अनुहारभरी हिलो लत्पतिए पनि त्यहाँ लुकेको हाँसो हिराजस्तै चम्किलो देखिन्थ्यो । अहा, बगैचामा गुलाफको फूलले कहाँ त्यति सौन्दर्य दिन्छ र ?

मध्यान्तरतिर झरी अझ दर्कियो । जिउ चिसोले थरथर काँप्न थालेपछि सबैजना खेतको डिलमा रहेको ठूलो बरको रूखमुनि ओत लागे । सबैका ओठ बैजनी भइसकेका थिए । त्यतिबेलै कसिलो कम्मर भएकी मगर्नी दिदीले आफ्नो पटुकाको खोपिल्टोबाट लेकको भोट्टे सुर्ती र चुर बेर्ने पाते कागज निकालिन् । त्यो देख्नासाथ रमेश र उसका साथीहरूको आँखा चम्किए । रमेशले अलि ठालु पल्टिँदै भन्यो, 'ए दिदी, अलिकति सुर्ती र चुर बेरिदेऊँ न, चिसोले ज्यान नै कक्रक्कै पारिसक्यो ।'

कमिनी भाउजूले मुसुमुसु हाँस्दै आफ्नै हत्केलामा सुर्ती मलीन् र चुर बेरेर रमेशको हातमा थमाइदिँदै सलाई कोरिदिइन् । रमेशले ठूलो मान्छे बन्ने धुनमा चुरोटको कडा धूवाँ स्वाट्ट... गरेर भित्र तान्यो । तर, त्यो कडा धूवाँले उसको श्वास नली समातिहाल्यो, अर्थात सर्किएछ । रमेशको अनुहार रातोपिरो भयो र 'घ्यार्र-घ्यार्र' गर्दै यस्तो खोकी आयो कि आँखाबाट आँसुका धारा बग्न थाले । रमेशको त्यो बेहाल देखेर मगर्नी दिदीले पेट मिचीमिची हाँस्दै भनिन्, 'हैट लाटो ! अझै आमाको दूध गन्हाउँछ, ठूलो मान्छे भएर चुरोट, तमाखु झै सूर्तीको लुँडो तान्न खोज्छ !' उनको त्यो कुरा सुन्नासाथ चौतारीमा रहेका रोपाहार, बाहुसे र जोताहा सबै गललल हाँसे । सुन्तलीले त हाँस्दाहाँस्दै रमेशलाई जिस्काउन थ्याई 'गइएला है आल्लारे बैंशैमा.. फेरि सबै गलल.. हाँसे ।

त्यो खोकी र सामूहिक हाँसोको न्यानोपनमा असारको चिसो कता भाग्यो, कसैले पत्तै पाएनन् । दर्किरहेको पानीकै बीचमा कमिनी माइली भाउजूले बाँसका चोयाको ठूलो नाङ्लोमा मकै-भट्मास, साँधेको गुन्द्रुक, आँपको अचार, तिलको छोप हालेको आलु र माटोको कचौरोमा अमिलो-मीठो दही-चिउरा बोकेर आइन् । सबैको दृष्टी आँपको अमिलो अचारमा थियो । मुखभरी पानी बोकेर हिलो लतपतिएका हातहरूले नै सबैजना एउटै नाङ्लोमा झुम्मिए । जाँडको अमिलो कडा बास्नाले वातावरण झन् रोमान्चक बन्यो । त्यहाँ कुनै जातको भेद थिएन, न त धनी र गरीबको सीमा नै । थियो त केवल एउटै माटोको सुगन्ध, एउटै भोक र अर्म पर्मको एउटै आत्मीय धून । अनि असारे गीत ।

सबैले आफ्नो कर्मपूरा गरिरहेका, रोपाहार बाहुसेहरु उत्साहित हुँदा हुँदै अर्थात जाँगर नमर्दा नै रोपाइँ सकियो । साँझपख गोधुली भएसँगै आकाश अलि उघ्रियो । थकित तर सन्तोषी मन लिएर, खुट्टाको हिलो छ्याप -छ्याप पार्दै रमेश र सुन्तली गाउँको उकालो चढ्दै थिए । रमेशले सुन्तलीलाई चिमोट्तै भन्यो, 'भोलि त मेरो खेतको पालो है सुन्तली ?' सुन्तलीले लाजले आँखा झुकाउँदै विउको मुठो भूइँमा खसाली र मुसुक्क हाँसेर अघि बढी । अलि माथि पुगेर फनक्क फकिएर रमेशलाई ढाडस दिँदै भनि- तिम्रो खेतको रोपाईमा त पोहोरको जस्तो फुलाएका रोटी र तामाको अचार ल्याउँछौ नि । रमेशले भन्यो- तिमी र हुलाकी माइलीभाउजु त हो भान्से ... । असारको त्यो हिलो, त्यो हाँसो र त्यो अर्मपर्मको गाथा गाउँको माटोमा यसरी भिजिसकेको थियो, जुन वर्षौंसम्म पनि कसैको स्मृतिबाट मेटिनेवाला थिएन ।

आज पच्चीस वर्षपछि कंक्रिटका सहरमा बसेर झ्यालबाट बर्सिरहेको पानीलाई नियाल्दा, मन अमिलो भएर आउँछ र स्मृति फेरि त्यही गैरी खेतको आलीमा पुगेर बजारिन्छ । समयको गतिसँगै गाउँ बदलियो, प्रविधि भित्रियो र अर्मपर्मको त्यो आत्मीयता आधुनिकताको ओझेलमा बिलायो; सायद रमेश र सुन्तली पनि आ-आफ्नै जिन्दगीको फरक गोरेटोमा व्यस्त होलान् । तर, असार आउनासाथ आज पनि मेरो मानसपटलमा त्यही हिलो छ्यापाछ्यापको युद्ध, मगर्नी दिदीको त्यो सुर्ती-चुर, नाङ्लोको दही-चिउरा र सुन्तलीको त्यो चञ्चल मुस्कान ताजा भएर आउँछ ।

सुख-सुविधा जतिसुकै बढे पनि, हृदयको कुनै कुनामा आज पनि त्यही अमिट चाड अर्थात 'असार पन्द्र' माटोको सुगन्ध र जातभात भन्दा माथि उठेको निश्छल गाउँले प्रेमको न्यानोपन जीवन्त छ, जसलाई न त समयले पखाल्न सक्यो, न त सहरको कोलाहलले नै मेटाउन सक्यो । फेरि सम्झिन्छु, अहा ...! कति रमाईलो गैरी खेतको त्यो रोपाइँ ।

# मानव जीवनमा संस्कारको महत्व



मानव जीवनलाई उन्नत बनाउन संस्कारहरुको विशिष्ट महत्व हुन्छ । मानवको शारीरिक मानसिक तथा आत्मिक उन्नतिका लागि जन्मदेखि मृत्युपर्यन्त भिन्न भिन्न समयमा विविध संस्कारको व्यवस्था गरिएको छ । संस्कारहरुले नै मानवलाई द्विज बन्ने अधिकार मिल्दछ । महर्षि मनुले भनेका छन् - द्विजहरूको गर्भधान आदि संस्कार वैदिक पुण्य कर्मद्वारा सम्पन्न हुनु पर्दछ । किनभने संस्कारले यस लोक तथा परलोकमा पवित्र गर्दछ ।महषिर् दयानन्दले संस्कारविधि नामक पुस्तकमा लेखेका छन् - 'जे गर्दा शरीर र आत्मा सुसंस्कृत भएर धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुन सक्दछ र सन्तान योग्य हुन्छन् । यसैले गर्दा संस्कारहरुलाई गर्नु सबै मनुष्यहरुका लागि उचित छ । संस्कारहरूले संस्कारितलाई पवित्र तथा असंस्कृतलाई अपवित्र भनिन्छ । शिक्षा तथा औषधिहरूले सुखवर्धक संस्कार गर्नका लागि बुद्धिमानहरूले सधै उद्यम गर्नु पर्दछ ।'

**संस्कार गर्ने कहिले ?**

तीन संस्कार बालक जन्मनुभन्दा पहिले गरिन्छ स गर्भाधान, पुंसवन, सीमन्तोन्नयन । अन्त्येष्टि संस्कार मृत्युपछि गरिन्छ । बाँकी १२ वटा संस्कार जीवनको अस्तित्व रहँदा गरिन्छ ।

**संस्कारका प्रक्रियाहरु**

**गर्भाधान संस्कार -**

यो उत्तम सन्तान प्राप्तिका लागि गरिने पहिलो संस्कार हो । ऋतुदानको समय १६ दिनमा - पहिलेका ४ दिन निन्दित छन, त्यसैगरी ११ र १३औ रात्री पनि निन्दित छन् । पौर्णमासी, चतुर्दशी वा अष्टमी यी रात्रीलाई पनि छोडी दिनु भन्ने मनुस्मृतिको वचन छ ।

बाकी रहेका १० रात्रीमा वीर्य निषेचनद्वारा गर्भस्थापना गर्नु गृहस्थाश्रमको पहिलो कर्तव्य हो । पुत्र वा पुत्री जुन चाहेको हो सो प्राप्त गर्ने विधान बताइए पनि बुद्धिमान रोगरहित स्वस्थ शिशुमा बढता जोड दिइएको छ । यो संस्कार वास्तवमा दिव्य आत्माहरूलाई जन्म लिनका लागि भूमि तयार गर्नु हो । यसलाई पवित्रतासँग जोडिएको छ । सन्तुलित साकाहारी भोजन र स्त्री पुरुषको प्रसन्न मन:स्थितिले बालकको भविष्य निर्माणमा महत्व राख्छ ।

**पुंसवन संस्कार -**

गर्भस्थ शिशुको बौद्धिक एवं मानसिक विकासका लागि गर्भ रहेको दोस्रो या तेस्रो महीनामा गरिने द्वितीय संस्कार हो । गोभिलीय र सौनक गृहसुत्रमा पनि यज्ञ गर्ने विधान अनि बरको कोमल पात र गुर्जो मसिनो पिसेर कपडामा छानेर गर्भिणीको दायाँ नाकमा सुघाउनु पर्दछ । गुर्जो वा ब्राही पनि खाने बिधान पनि छ ।

# माटोको उर्वराशक्ति घट्दा उत्पादनमा ह्रास



**दमक**/ माटोको उर्वराशक्ति घट्दा उत्पादनमा ह्रास आइरहेको छ । कृषि उत्पादन बढाउने दीर्घकालीन उपाय भनेकै माटोको स्वास्थ्य सुधार हो । स्वस्थ माटोले मात्र दिगो कृषि र खाद्य आत्मनिर्भरताको आधार तयार गर्न सक्छ ।

कृषि उत्पादन घट्दै जानुको मुख्य कारण माटोको उर्वराशक्ति कमजोर बन्दै जानु रहेको कृषि अभियन्ता हृदयराज गौतमले बताए । एक समय अन्न निर्यात गर्ने देशका रूपमा चिनिएको नेपाल आजपनि खाद्यान्न उत्पादनमा आत्मनिर्भर हुन पनि संघर्ष गरिरहेको छ ।

एकीकृत शत्रुजीव व्यवस्थापन ( आइपिएम) सहजकर्ता अम्बिका हमालका अनुसार बर्सौंदेखि युरिया, डिएपीलगायत रासायनिक मलको अत्यधिक प्रयोगले माटोभित्रका लाभदायक सूक्ष्मजीव नष्ट भएका छन् । माटोमा हुनुपर्ने जैविक पदार्थको मात्रा घट्दै जाँदा उत्पादन क्षमता कमजोर बनेको उनको भनाइ छ ।

यो समस्याको समाधानका रूपमा गौतमले 'अम्लजन्य जैविक उत्प्रेरक' ( एबिसी) र 'सुदृढ जैविक विच्छेदक' (इबिडी) प्रविधिको प्रयोग प्रस्ताव गरेका छन् । उनका अनुसार यी प्रविधिले माटोभित्र निष्क्रिय रहेका सूक्ष्मजीवलाई पुन: सक्रिय बनाउँदै माटोको प्राकृतिक प्रणालीलाई पुनर्जीवन दिन मद्दत गर्छन् । यसले बिरुवाको जरालाई बलियो बनाउनुका साथै माटोको जलधारण क्षमता पनि बढाउँछ ।

यो वर्ष लवग्रिन नेपालका विमल दुलालका अनुसार एक हजार दुई सयभन्दा बढी किसानलाई आइपिएम पद्धतिमार्फत तालिम प्रदान गरी अर्गानिक (जैविक) खेतीतर्फ उन्मुख बनाइएको छ ।

विज्ञका अनुसार बाली कटाइसकेपछि बाँकी रहने पराल र ठुटालाई जैविक विच्छेदक प्रयोग गरी प्राकृतिक मलमा रूपान्तरण गर्न सकिन्छ । यसले रासायनिक मलमाथिको निर्भरता घटाउनुका साथै विदेशी मुद्रा बचत गर्न पनि सहयोग पुग्ने विश्वास गरिएको छ ।

कृषिमा अर्को चुनौती रासायनिक विषादीको बढ्दो प्रयोग हो । यसको विकल्पका रूपमा अनुसन्धानकर्ताले वनस्पतिजन्य प्रोटिनबाट जैविक घोल विकास गरेका छन्, जसले बिरुवालाई किराप्रतिरोधी बनाउने दाबी गरिएको छ ।

यता मधेशमा नीलगाई र बँदेल तथा पहाडमा बाँदरको उपद्रोबाट किसान पीडित छन् । यस समस्याको समाधानका लागि 'त्रिचक्रीय सिकारी संकेत जैविक प्रणाली' प्रस्ताव गरिएको छ, जसमा विभिन्न सिकारी जनावरको गन्ध र ध्वनिको संकेत प्रयोग गरी वन्यजन्तुलाई खेतबारीबाट टाढा राख्ने अवधारणा अघि सारिएको छ ।

# बाँझो जमिन नराख्न प्रदेश सरकारको आग्रह




**दमक/** आधा असार वितिसकेको छ । किसान खेत खेतमा धान रोप्न व्यस्त छन् । कोशी प्रदेशका १४ वटै जिल्लाका किसान खेतमा धान रोप्न व्यस्त छन् भने सरकारी निकाय, स्थानीय तह, कृषि कार्यालय तथा विभिन्न संघ संस्थाले रोपाइँ महोत्सव, कृषक सम्मान, कृषि प्रविधि प्रदर्शन, अन्तर्क्रियालगायत कार्यक्रम सञ्चालन गरेका छन् । झापा, मोरङ र सुनसरी धान उत्पादनका दृष्टिले अग्रणी जिल्ला हुन् भने इलाम, पाँचथर, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, उदयपुर, संखुवासभालगायतका पहाडी जिल्लामा पनि स्थानीय अनुकूल जातका धानको खेती हुँदै आएको छ ।

हरेक वर्ष असार १५ गते मनाइने राष्ट्रिय धान दिवसले किसानको श्रमको सम्मान गर्नुका साथै धान उत्पादन वृद्धि, खाद्य सुरक्षा सुदृढीकरण र कृषिक्षेत्रको प्रवर्धन गर्ने उद्देश्य बोकेको छ ।

**बाँझो जमिनप्रति प्रदेश सरकारको चिन्ता**

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बढ्दो बाँझो जमिन र युवाको वैदेशिक पलायनले कृषिक्षेत्र संकटतर्फ धकेलिएको भन्दै उत्पादनमुखी कृषि प्रणालीमा रूपान्तरण आवश्यक रहेको बताएका छन् । उनले बाँझो जमिन नराख्न आग्रह गरेका छन् । राष्ट्रिय धान दिवस तथा असार १५ का अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री कार्कीले खेतीयोग्य जमिन बाँझो रहनु प्रदेशको कृषि उत्पादनका लागि गम्भीर चुनौती बनेको बताए । उनले आधुनिक प्रविधि, यान्त्रिकीकरण र वैज्ञानिक खेती व्यापक विस्तार गरेर कृषि उत्पादन बढाउनुपर्नेमा जोड दिए । मुख्यमन्त्री कार्कीले युवाको विदेश पलायन र बढ्दो बसाइँसराइका कारण खेतीयोग्य जमिन प्रयोगविहीन बन्दै गएको उल्लेख गर्दै त्यसले खाद्य सुरक्षासमेत प्रभावित हुन सक्ने बताउँदै अब बाँझो जमिन नराखि सकेसम्म खेती गर्न सरकार आग्रह गर्दछ भनेका छन् ।

यसैबीच राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइएसँगै धनकुटामा पनि धान रोपेर धान दिवस मनाइएको छ । कृषि ज्ञान केन्द्र धनकुटाको आयोजनामा धनकुटा नगरपालिका-६ स्थित पात्लेखोलामा धान रोपेर राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइएको हो ।

जिल्लाका विभिन्न स्थान पात्लेखोला खेतलगायत पात्ले, पाङसिङ र धान खेतीयोग्य जमिनमा सामूहिक रूपमा धान रोपाइँ गरिएको छ । केही समययता लोप हुँदै गएको हलोजुवा, कोदाली साथै गोरु नारेर खेतमा हिलाम्मे भएर बाउसे गर्दै रोपाइँ गरिएको छ । कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख नगेन्द्र रानाले धानलगायतका विभिन्न रैथाने बाली हराउँदै गएकाले बिउबिजन संरक्षण गर्नुपर्ने बताए । यसैगरी इलामका खेतीयोग्य जमिनहरुमा पनि धान रोप्ने कार्य भइरहेको छ । इलामका धेरैजसो खेतीहुने जमिनहरुमा धान रोप्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

उता ताप्लेजुङमा यस वर्ष धान रोपाइँ वृद्धि भएको छ । गत वर्षको तुलनामा यस वर्ष धान रोपाइँ वृद्धि भएको हो । गत वर्षको यही अवधिमा १७.८५ प्रतिशत मात्र रोपाइँ भएको थियो भने यस वर्षको हालसम्ममा करिब २५ प्रतिशत बढी रोपाइँ भएको कृषि ज्ञान केन्द्र ताप्लेजुङका बाली विकास अधिकृत मुना न्यौपानेले जानकारी दिए । गत वर्ष समयमै वर्षा नहुँदा कृषकले समयमै धान रोप्न पाएका थिएनन् । जसका कारण कम मात्रामा धान रोपाइँ भएको केन्द्रले जनाएको छ ।

# जंगली हात्तीले विस्थापितलाई सुरक्षित स्थानमा सारिने



**उदयपुर /** हात्तीले घर भत्काएका स्थानीयलाई चौदण्डीगढी नगरपालिकाले सुरक्षित बस्ने स्थानको व्यवस्था गरेको छ । उदयपुरको चौदण्डीगढी नगरपालिका-७ कुमाङ लामाचौर क्षेत्रमा जंगली हात्ती प्रवेश गरेर उपद्रो गरेको छ । कुमाङमा गए राति जंगली हात्ती प्रवेश गरेर ६ वटा घर भत्काएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गणेश बमले बताए । प्रहरीका अनुसार हात्तीले स्थानीय बुद्धिमान राई, राधा विक, रोशन विक, बमबहादुर विक, वीरबहादुर मगर, दिलबहादुर मगरलगायतको कर्कटपाताको छानो भएको काठको घर भत्काएको हो ।

यस्तै, हात्तीले स्थानीयको घरको अन्नपातसमेत खाएको छ । राति हात्ती गाउँ प्रवेश गरेपछि स्थानीयले भागेर ज्यान बचाएको स्थानीय पुष्प राईले बताए । कोशीटप्पु क्षेत्रबाट प्रवेश गरेको हात्तीको समूह लामाचौरी र ४५ चोक आसपास क्षेत्रको जङ्गलमा रहेको बताइएको छ । अहिले गाउँलेको सुरक्षाका लागि प्रहरी टोली परिचालन गरिएको सूचना अधिकारी बमले बताए ।

## जान्नैपर्ने अनौठा कुरा



- संसारभरिको नूनलाई एकत्रित नें हो भने त्यसले पूरै यूरोप महादेशलाई पाँच किलोमिटर बाक्लो तहमा ढाक्न सक्छ ।
- संसारका १० उच्च शिखरहरु
- हिमालय क्षेत्रमा पाइन्छ ।
- तीमध्ये पनि ८ वटा त नेपालमै पर्छन् ।
- संसारका जुनसुकै ठाउँमा पनि इन्द्रेणीको रंगको क्रम एउटै हुन्छ ।
- वर्षभरिमा संसारमा करीब ५७,५२५,२४८ टन गोलभेंडा खपत हुन्छ ।
- वेलायतमा वार्षिक १० विलियन अण्डाहरु खाइन्छ ।
- संसारका आधाभन्दा बढी जनसंख्याले भात खान्छन् ।
- संसारका प्रमुख एवं ठूला तीन वटा मरुभूमिहरु सहारा, अरेबियन र गोबी हुन् ।
- वर्षभरिमा हाम्रो शरीरका करीब ४ किलो छाला कपडासँगको घर्षण तथा अन्य कारणले गर्दा खुइलिएर एवं नष्ट भएर जान्छ ।
- हाम्रो शरीरको कोषहरु यति सूक्ष्म हुन्छन्, करीब २०० वटा कोषहरुलाई एउटा बिन्दूमा अटाउन सकिन्छ ।
- एउटा मान्छे आफ्नो औसत आयुको तीन खण्ड सुतेरै बिताउँछ ।
- झट्ट हेर्दा जेब्राको छालाको बुट्टा एउटै जस्तो देखिन्छ । तर वास्तवमा एउटा जेब्राका छालाको बुट्टा अर्को जेब्राको भन्दा भिन्नै हुन्छ । बुट्टामा हुने यही भिन्नताकै आधारमा उनीहरुले एक अर्कालाई चिन्छन् ।
- तपाईं हामीले देखिरहेको जीवहरुमध्ये एउटा जीव हो
- माकुरो । यस संसारमा माकुरोको करीब ४० हजार प्रजातिहरु छन् ।
- पपुआ न्यू गिनीमा करीब १ हजार भाषा भाषिकाहरु छन्, जबकि त्यहाँको जनसंख्या ४ मिलियन मात्र छ ।
- एउटा वयस्क हात्तीले एक दिनमा २२५ लिटर पानी पिउँछ ।
- अमेजन नदीबाट प्रति सेकेण्ड करीब १,८०,००० क्यूबिक मिटर पानी प्रशान्त महासागरमा मिसिइरहेको हुन्छ ।
- एउटा सानो मध्य अमेरिकी गणराज्य पनामामा सम्पूर्ण उत्तर अमेरिकामा भन्दा बढी चराचुरुङ्गीहरु पाइन्छन् ।

## स्वास्थ्य

# सुन्ने क्षमतामा कमि आउनुको समस्या के हो ?

**दमक/** वैज्ञानिक अनुसन्धानका अनुसार, कानले ध्वनि सुन्नुका साथै मस्तिष्कमा सही जानकारी प्रसारण गर्न महत्वपूर्ण भूमिका खेल्छ । जब श्रवणशक्ति घट्न थाल्छ, व्यक्तिलाई कुराकानी बुझ्न र अरूसँग सम्पर्क गर्न गाह्रो हुन्छ । लामो समयसम्म श्रवणशक्तिको समस्यालाई बेवास्ता गर्नाले तनाव, एक्लोपन र मानसिक स्वास्थ्य समस्याहरूको जोखिम बढ्छ । सुन्ने शक्तिमा कमी आउनु केवल बुढ्यौलीको मात्रै समस्या होइन । चर्को आवाज, लामो समयसम्म इयरफोनको प्रयोग, केही बिमारी र जीवनशैलीसँग सम्बन्धित धेरै कारकहरूले मानिसहरूको श्रवण शक्तिलाई असर गरिरहेका छन् ।

**के के लक्षण देखिन्छन् ?**

विज्ञहरूका अनुसार, श्रवणशक्ति कम हुनुको पहिलो सङ्केत भनेको मानिसहरूले कहिलेकाहीं आवाज त सुन्न सक्छन् तर शब्दहरू स्पष्ट रूपमा बुझ्न सक्दैनन् । विशेष गरी एकैचोटि धेरै मानिसहरू कुरा गरिरहेका वा वरपर कोलाहल भएको ठाउँमा कुराकानी बुझ्न गाह्रो हुन्छ । सुन्ने क्षमतामा शुरुआती कमीमा प्रायः प्रायः उच्च-फ्रिक्वेन्सीका ध्वनिहरूलाई असर गर्ने वैज्ञानिकहरू भन्छन् । यस अवस्थामा, केही शब्दहरू वा अक्षरहरू स्पष्ट रूपमा सुन्न नसकिने हुन सक्छ, जसले गर्दा कुराकानी अपूर्ण हुन्छ ।

फोनमा कुराकानीको क्रममा देखिने कठिनाइहरूलाई हल्का रूपमा लिनु हुँदैन । आमनेसामने कुरा गर्दा, हामी अर्को व्यक्तिको अनुहारको भाव, ओठको चाल र शरीरको भाषाको व्याख्या गर्न सक्छौं । यद्यपि, फोनमा, केवल आवाजकै साहारामा अर्थ बुझ्नु पर्ने हुन्छ । त्यसैले, फोनमा कुराकानी गर्दा श्रवण क्षमतामा थोरै कमी पनि सजिलै महसुस गर्न सकिन्छ । यदि फोनमा कुराकानी बुझ्न निरन्तर कठिनाइ भइरहेको छ भने, यो परीक्षणको आवश्यकताको सङ्केत हुन सक्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## विश्वकप विशेष

### जापान र ब्राजिलबीच प्रतिष्पर्धात्मक खेल

# इन्जुरी टाइममा ब्राजिल विजयी



**एजेन्सी ।** अतिरिक्त समयतर्फ धकेलिएको खेलको इन्जुरी समयमा ग्याब्रिएल मार्टिनेलीले निर्णायक गोल गरेपछि पाँच पटकको विजेता ब्राजिल फिफा विश्वकपको अन्तिम १६ मा प्रवेश गरेको छ । अमेरिकामा सोमबार राति भएको राउन्ड अफ ३२ को प्रतिस्पर्धात्मक खेलमा ब्राजिलले जापानलाई २–१ गोल अन्तरले पराजित गरेको हो । दोस्रो हाफमा सब्सटिच्युट खेलाडीका रूपमा मैदान छिरेका मार्टिनेलीले इन्जुरी समयको छैटौं मिनेटमा गोल गर्दै ब्राजिलको जित पक्का गरेका थिए । अब ब्राजिलले आइतबार न्युजर्सीको इस्ट रदरफोर्डमा हुने अन्तिम १६ को खेलमा आइभोरी कोस्ट वा नर्वेमध्ये एकको सामना गर्नेछ ।

खेलको २९ औँ मिनेटमा काइसु सानोले गोल गर्दै जापानलाई सुरूवाती अग्रता दिलाएका थिए । उनले मिडफिल्डमा ब्राजिलका खेलाडीले अगाडि बढाएको बल खोस्दै डि–बक्स बाहिरबाट उत्कृष्ट प्रहारमार्फत गोल गरेका हुन् ।

एक गोलले पछि परेको ब्राजिलले दोस्रो हाफको सुरूवातमै खेललाई बराबरीमा ल्याउने केही अवसर गुमाएको थियो । ५२ औँ मिनेटमा ब्रुनो गुइमारेसको हेडरलाई जापानी गोलकिपर जायन सुजुकीले उत्कृष्ट बचाउ गरे । त्यसको लगत्तै गोलकिपर सुजुकीको अनुहारमा ठोक्किँदै बाहिरिएको थियो ।

५६ औँ मिनेटमा ग्याब्रिएल मागाल्हेसको पासमा क्यासेमिरोले हेडरमार्फत गोल गर्दै खेललाई १–१ को बराबरीमा ल्याए । जापानी गोलकिपर सुजुकीले रोक्ने प्रयास गरे पनि उक्त प्रहार जाली चुम्न पुगेको थियो । ५८ औँ मिनेटमा जारी विश्वकपमा चार गोल गरिसकेका भिनिसियस जुनियरले ब्राजिललाई अग्रता दिलाउने मौका पाएका थिए, तर उनको प्रहारलाई गोलकिपर सुजुकीले विफल पारिदिए । यो पराजयसँगै जापानको विश्वकप नकआउट चरणमा जित निकाल्ने सपना फेरि अधुरै बनेको छ । जापानले हालसम्म विश्वकपको नकआउट खेल जित्न सकेको छैन । यो हारसँगै जापानको पछिल्लो १० खेलको अपराजित यात्रा समेत टुङ्गिएको छ ।

# सिटिजन्स बैंक र जय नेपाल हलबीच छुटसम्बन्धी सम्झौता

दमक । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र जय नेपाल सिनेमाज, दरबारमार्गबीच बैंकका ग्राहकलाई चलचित्रको टिकट खरिदमा छुट उपलब्ध गराउने समझदारी भएको छ ।

मंगलबार हस्ताक्षर भएको समझदारीअनुसार सिटिजन्स बैंकका डेबिट तथा क्रेडिट कार्डबाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले जय नेपाल सिनेमाजमा चलचित्रको टिकट खरिद गर्दा अधिकतम १० प्रतिशतसम्म छुट पाउनेछन् ।

बैंकका अनुसार यस सहकार्यले ग्राहकलाई प्रत्यक्ष लाभ पुग्नुका साथै डिजिटल भुक्तानीको प्रयोगलाई थप प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ । बैंकले नगदरहित कारोबार प्रवर्द्धन गर्न समय(समयमा विभिन्न ग्राहकमैत्री अफर तथा छुट योजना सञ्चालन गर्दै आएको जनाएको छ । डिजिटल कारोबारसम्बन्धी छुट तथा अन्य सुविधाको विस्तृत जानकारी बैंकको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

सिटिजन्स बैंकले पछिल्लो समय डिजिटल बैंकिङ सेवा विस्तारलाई प्राथमिकता दिँदै विभिन्न नयाँ सेवा सञ्चालनमा ल्याएको छ । बैंकले फोनपेसँगको सहकार्यमा 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' भर्चुअल क्रेडिट कार्ड, 'सिटिजन्स जेन(जी सेभिङ्स अकाउन्ट', 'सिटिजन्स डिजी बैंक' एकीकृत अनलाइन प्लेटफर्म तथा फ्रिलान्सर सेविङ्स अकाउन्ट सञ्चालनमा ल्याइसकेको छ । साथै मोबाइल बैंकिङ एपमार्फत शेयर आवेदन, सी(आरएन नम्बर सेवा तथा क्रस बैंक टेलर क्यूआर सुविधा पनि उपलब्ध गराउँदै आएको छ ।

**उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना**

उर्लाबारी नगरपालिका वडा नं. ०२बस्ने मनिलाल दनुवारको नाममा दर्ता कायम रहेको लेटाङ्ग७/घ कि.नं. ४०६ र ४०८ ज.वि. ०-०-८-१र ०-०-१६मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पश्चिमतर्फ सँधियार प्रेमकला थापा (मगर)उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

## दैनिक राशिफल

आज मिति २०८३ साल असार १७ गते बुधबार
1 July, 2026
तिथि: प्रतिपदा



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | अध्ययनमा बाधा । मनमा भने उत्साह बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पारिवारिक कलह । खर्च बढेर जाला । मित्र मिलन। |
| मिथुन | का कि कु घ ङ छ के को हा | ब्यापार व्यवसायमा लाभ । परिवारिमा मेलमिलाप । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | भ्रमणको योग । नयाँ साथीभाइसँग भेटघाट । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | धर्मकर्ममा रुचि । मन प्रशन्न रहला । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | बढी विश्वासले गर्दा कामहरु बिग्रने । मन खिन्न । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | सहयोगी मन भएकाले अरुलाई छिटो विश्वासले घात हुने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मिष्ठान्न परिकार मिल्ने । खर्चको मात्रा बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | रोजगारीको बाटाहरु खुल्ने । स्त्रीसाथीबाट सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका बाटाहरु खुले पनि खर्च बढेर जाने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्यमा केही समस्या । मनमा उत्साह बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मान्यजनसँग भेटघाट । परिवारमा खुशीयाली । |

# नेपाली चियाको निकासी पुनः सुरू



**दमक/** भारतले गुणस्तर परीक्षणसम्बन्धी व्यवस्था परिमार्जन गर्दै सबै खेपको अनिवार्य परीक्षण हटाएर जोखिममा आधारित परीक्षण प्रणाली लागू गरेपछि काँकडभिट्टा-पानीट्यांकी नाका हुँदै नेपाली चियाको निकासी पुनः सुरू भएको छ । नयाँ व्यवस्थाअनुसार अब नेपालबाट जाने प्रत्येक पाँच खेपमध्ये एउटा खेपको मात्रै नमुना परीक्षण गरिनेछ । भारतीय पक्षको गुणस्तर परीक्षण प्रक्रियाका कारण रोकिएको नेपाली चियाको निर्यात पुनः सुरु भएसँगै चिया उद्योग र किसानमा राहतको आशा पलाएको छ । निकासी अवरोध हटेसँगै उद्योगमा थन्किएको चिया भारतीय बजारतर्फ जान थालेको छ भने नयाँ अर्डरसमेत आउन थालेका छन् ।

निकासी अवरूद्ध हुँदा इलामका उद्योगमा मात्रै करिब १२ लाख किलो अर्थोडक्स चिया थन्किएको थियो। यसले उद्योगी र किसान दुवैलाई आर्थिक रूपमा ठूलो असर परेको थियो । अहिले निकासी सहज भएसँगै थन्किएको चिया बजारमा पठाउने तयारी तीव्र बनेको छ ।

नेपाल चिया उत्पादक संघका अनुसार सोमबारदेखि इलामको अर्थोडक्स चिया बोकेका ट्रकहरु भारत प्रवेश गर्न थालेका छन् । व्यवसायीहरुले भारतीय बजारबाट नयाँ अर्डर आउन थालेको र व्यापार विस्तार हुने संकेत देखिएको बताएका छन् ।

यद्यपि व्यवसायीहरु पूर्ण रूपमा ढुक्क भने भएका छैनन् । पानीट्यांकी भन्सारमा परीक्षण प्रयोगशाला नहुँदा नमुना परीक्षणका लागि अझै कोलकाता पठाउनुपर्ने अवस्था कायमै छ । साथै भारतीय पक्षले आवश्यकता अनुसार छड्के परीक्षण गर्न सक्ने व्यवस्था पनि यथावत् रहेको छ । चिया निकासी सहज बनाउन नेपाल सरकारले कूटनीतिक पहललाई तीव्र बनाएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पहलमा सम्बन्धित मन्त्रालय र निकाय सम्मिलित कार्यदल गठन गरी भारतीय पक्षसँग निरन्तर समन्वय गरिएको थियो । त्यसपछि भारतीय खाद्य सुरक्षा तथा मापदण्ड प्राधिकरणले परीक्षण प्रणाली खुकुलो बनाउने निर्णय गरेको हो ।

चिया निकासी सहज बनाउन नेपाल सरकारले कूटनीतिक पहललाई तीव्र बनाएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पहलमा सम्बन्धित मन्त्रालय र निकाय सम्मिलित कार्यदल गठन गरी भारतीय पक्षसँग निरन्तर समन्वय गरिएको थियो । त्यसपछि भारतीय खाद्य सुरक्षा तथा मापदण्ड प्राधिकरणले परीक्षण प्रणाली खुकुलो बनाउने निर्णय गरेको हो ।

**अटो...**तुम्बापो र दलप्रसाद तुम्बापोलाई पाँचथर जिल्ला अपतालबाट थप उपचारका लागि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान रिफर गरिएको पाँचथरका प्रहरी नायब उपरीक्षक अनिषकुमार कर्णले बताए । बाँकी चार जना घाइतेको अवस्था सामान्य रहेको र दुर्घटनाग्रस्त अटोलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**दलीय....** गराउँदा उनीहरू सक्षम नेतृत्व दिन सक्छन् भन्ने प्रमाण यो नतिजाले प्रस्तुत गरेको उनको भनाइ छ । शिक्षा, सामाजिक र आर्थिक क्षेत्रमा महिलाको बढ्दो सहभागिता अब राजनीतिक नेतृत्वमा पनि प्रतिबिम्बित हुन थालेको उनले बताए ।

रास्वपाको उपलब्धि अन्य प्रमुख राजनीतिक दलको केन्द्रीय समितिमा रहेको महिला प्रतिनिधित्वसँग तुलना गर्दा यसको महत्व अझ स्पष्ट हुन्छ । उपलब्ध पछिल्लो तथ्याङ्कअनुसार नेपाली कांग्रेसको १६६ सदस्यीय केन्द्रीय कार्यसमितिमा ५४ महिला अर्थात् ३२.५ प्रतिशत, नेकपा (एमाले) को ३४५ सदस्यीय केन्द्रीय समितिमा ११७ महिला अर्थात् ३३.९१ प्रतिशत, नेकपा (माओवादी केन्द्र) को ४०९ सदस्यीय केन्द्रीय समितिमा १३५ महिला अर्थात् ३३ प्रतिशत, जनता समाजवादी पार्टी नेपालको ३२५ सदस्यीय केन्द्रीय समितिमा ७३ महिला अर्थात् ३४ प्रतिशत तथा राष्ट्रिय प्रजातन्त्र पार्टीको ३४५ सदस्यीय केन्द्रीय समितिमा ८० महिला अर्थात् २३ प्रतिशत महिला छन् । नवगठित दलहरूमध्ये जनमत पार्टीको २१६ सदस्यीय केन्द्रीय समितिमा ४५ महिला (२०.८ प्रतिशत) र नागरिक उन्मुक्ति पार्टीका २५ केन्द्रीय पदाधिकारीमध्ये ६ महिला (२४ प्रतिशत) छन् । यी अधिकांश दलले महिलाको प्रतिनिधित्व संविधान र राजनीतिक दलसम्बन्धी ऐनले तोकेको न्यूनतम ३३ प्रतिशत समावेशी व्यवस्थालाई आधार मानेर सुनिश्चित गरेका हुन् ।

रास्वपाको उपलब्धि अन्य प्रमुख राजनीतिक दलको अवस्थासँग तुलना गर्दा अझ स्पष्ट देखिन्छ । नेपाली कांग्रेसको १६८ सदस्यीय केन्द्रीय कार्यसमितिमा ५४ महिला छन्, जुन करिब ३२ प्रतिशत हो । नेकपा ( एमाले) को ३४५ सदस्यीय केन्द्रीय समितिमा ११७ महिला अर्थात् करिब ३४ प्रतिशत प्रतिनिधित्व छ । नेकपा (माओवादी केन्द्र) को ४०९ सदस्यीय केन्द्रीय समितिमा १३५ महिला छन्, जुन करिब ३३ प्रतिशत हो । जनता समाजवादी पार्टी नेपालको ३२५ सदस्यीय केन्द्रीय समितिमा करिब ३४ प्रतिशत महिला छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टीको ३४५ सदस्यीय केन्द्रीय समितिमा करिब ८० महिला अर्थात् झन्डै २३ प्रतिशत प्रतिनिधित्व छ । यी दलमा महिलाको सहभागिता मुख्यतः विधानमा गरिएको समावेशी व्यवस्थाको परिणाम हो । खुला निर्वाचनबाट महिलाले बहुमत हासिल गरेको उदाहरण भने अहिलेसम्म देखिएको थिएन ।

राजनीतिक विश्लेषकहरूका अनुसार २००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि २०४६ सालको जनआन्दोलन, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन र संविधानसभा निर्वाचनसम्म महिलाको सहभागिता क्रमशः बढ्दै गएको थियो । संविधान निर्माणपछि संघीय संसद, स्थानीय तह र राज्यका विभिन्न निकायमा एकतिहाइभन्दा बढी महिला सहभागिता सुनिश्चित भए पनि राजनीतिक दलको निर्णय गर्ने सर्वोच्च संरचनामा पुरूषकै वर्चस्व कायम थियो । रास्वपाको पछिल्लो नतिजाले त्यस प्रवृत्तिमा नयाँ मोड ल्याएको विश्लेषण गरिएको छ ।

रास्वपाको केन्द्रीय समितिमा निर्वाचित ५० महिलामध्ये सोविता गौतम, डा. तोसिमा कार्की, इन्दिरा राना मगर, रञ्जु दर्शना, निशा डाँगी, रिमा विश्वकर्मा, समीक्षा बास्कोटा, गीता चौधरी, प्रकृति ढकाल, टिका संग्रौला ( ज्वाला), क्रान्तिशिखा धिताल, जुली यादव, करिष्मा कठरिया, आशिका तामाङ, सुजाता तामाङ, विदुषी राणा, सीता बादी, सर्मिला खनाल, टासी ल्हाङ्जोम, मेनुका शाही, चन्द्रा ऐर (चाँदनी) लगायत छन् । उनीहरूमध्ये धेरैजसो युवा पुस्ताबाट आएका तथा संसद, स्थानीय सरकार, नागरिक समाज, स्वास्थ्य, शिक्षा र सामाजिक अभियानमा सक्रिय रहँदै आएका व्यक्तित्व हुन् ।

पदाधिकारी तहमा पनि महिलाको उपस्थिति विस्तार हुने देखिएको छ । १९ सदस्यीय पदाधिकारीमध्ये निर्वाचन भएका ६ पदमा उपसभापति र सहमहामन्त्री गरी दुई महिला निर्वाचित भएका छन् । महामन्त्री विपीन आचार्यका अनुसार सभापतिले मनोनयन गर्ने एक उपसभापति, एक महामन्त्री, दुई सहमहामन्त्री, कोषाध्यक्ष, दुई सहकोषाध्यक्ष, प्रवक्ता र तीन सहप्रवक्तामध्ये कम्तीमा चार जना महिला रहनेछन् । यससँगै रास्वपाको शीर्ष नेतृत्वमा पनि महिला प्रतिनिधित्व उल्लेख्य हुने अपेक्षा गरिएको छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार रास्वपाको यो नतिजा एउटा पार्टीको आन्तरिक निर्वाचनको परिणाम मात्र नभई नेपाली राजनीतिमा नेतृत्व चयनको शैली परिवर्तन हुँदै गएको संकेत पनि हो । प्रतिस्पर्धाबाट महिलाले बहुमत प्राप्त गर्न सक्ने अवस्था बनेको सन्देशले आगामी दिनमा अन्य राजनीतिक दलमाथि पनि नेतृत्व तहमा महिलाको सहभागिता बढाउने नैतिक र राजनीतिक दबाब पर्ने अपेक्षा गरिएको छ ।

## सुटकेसभित्र नेपाली महिलाको शव फेला

**एजेन्सी/** मलेसियामा सुटकेसभित्र एक नेपाली महिलाको शव फेला परेको छ । शव भएको सुटकेस फेला परेपछि त्यहाँको प्रहरीले उनीसँगै बस्ने र सम्बन्धित नेपालीको खोजी गरिरहेको जनाएको छ । मलेसियाको राजधानी क्वालालम्पुर नजिकै रहेको सेलांगोर, काजाङको अपार्टमेन्टमा सुटकेसभित्र कोचिएको अवस्थामा महिलाको शव फेला परेको थियो । मलेसिया प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार मृतक नेपाली नागरिक भएको पुष्टि भएपनि विस्तृत विवरण सार्वजनिक गरिएको छैन । नेपाली महिला र पुरुषले करिब तीन महिनादेखि भाडामा लिएको कोठामा दुर्गन्ध आएपछि घरधनीले प्रहरीलाई अनुसन्धानका लागि जानकारी गराएका थिए । शव पोस्टमार्टमका लागि अस्पताल पठाइएको छ । प्रहरीले शंकास्पद नेपालीको पहिचान भएको जनाएको छ । मलेसियामा दण्डसंहिताले हत्या दोषीलाई मृत्युदण्डको सजायको व्यवस्था गरेको छ । दोषीलाई लामो समयसम्म कारावास, कोर्रादेखि अनिवार्य मृत्यु दण्डसम्मको सजाय गर्ने गरिएको छ ।

## पाकिस्तानमा स्वास्थ्य सेवा अवरुद्ध

**एजेन्सी/** महिला चिकित्सकमाथि भएको एसिड आक्रमणको विरोधमा पाकिस्तानको बलुचिस्तान प्रान्तमा चिकित्सकहरूले थालेको आन्दोलन २१ औं दिनमा प्रवेश गरेको छ । आन्दोलनका कारण सरकारी अस्पतालहरूमा बाह्यरोगी (ओपिडी) सेवा बन्द हुँदा हजारौं बिरामी नियमित स्वास्थ्य सेवाबाट वञ्चित भएका छन् ।

## खोलाजन्य उत्खननको अनुमति

इलाम । वर्षातको समयमा प्राकृतिक स्रोतको दोहन र उत्खननमा पूर्ण प्रतिबन्ध रहने कानूनी व्यवस्थालाई लत्याउँदै इलामको चुलाचुली गाउँपालिकाले असार र साउन महिनामै उत्खनन र ओसारपसारको अनुमति दिएको पाईएको छ ।

गाउँपालिकाले 'ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७' र वातावरणीय संवेदनशीलतालाई बेवास्ता गर्दै विकास निर्माणको नाममा यस्तो अनुमति पत्र जारी गरेको हो ।

चुलाचुली गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयले पत्र संख्या ०८२-०८३, चलानी नम्बर २१६४ को पत्रमार्फत इभ्रास्कोन कालिका जेभीलाई असार ३ गतेदेखि साउन ११ गतेसम्मका लागि उत्खनन र ओसारपसारको अनुमति दिएको छ । काकडभिट्टा-लौकही सडक परियोजनाका लागि भन्दै चुलाचुली गाउँपालिका वडा नं. १ मा पर्ने चतुर माया राईको कित्ता नम्बर ३६ को जग्गाबाट कुल २,०५० घनमिटर सामग्री उत्खनन गर्न अनुमति दिइएको छ । यस अनुमति पत्रमा ओसारपसारका लागि झण्डै साढे दुई दर्जन (दर्जनौं) टिपरका नम्बरहरु नै किटान गरेर खुला छुट दिइएको छ । प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यद्वारा हस्ताक्षरित सो पत्रमा दैनिक अधिकतम ५० घनमिटरसम्म ओसारपसार गर्न पाउने व्यवस्था मिलाइएको छ । नेपाल सरकारको संघीय नीति तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड अनुसार वर्षायाम असार १ देखि भदौ १५ सम्म नदीजन्य र खानीजन्य पदार्थ उत्खनन गर्न पाइँदैन ।

**पछि....** पार्टी एकता सम्भव नभएको बताए । संयोजक प्रचण्डले पार्टीमा ब्रिफिङ गरेको भोलिपल्ट अर्थात् मंगलवार एमाले अध्यक्ष ओलीले पनि प्रचण्डकै भनाइसँग मिल्दोजुल्दो सर्कुलर पार्टीमा गरेका छन् । मंगलवार पार्टी कार्यालय च्यासलमा नेकपा (एमाले) राजधानी प्रदेशस्तरीय निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन परामर्श कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले पार्टी एकता भन्दा पनि अपहरित लोकतन्त्रलाई फर्काउन संयुक्त संघर्ष जरूरी रहेकोमा जोड दिएका छन् ।

त्यसो त दुवै पार्टीका नेता कार्यकर्ताहरूले पनि बस्तुनिष्ठ समीक्षा नगरी गरिने पार्टी एकता दिगो नहुने भन्दै हतारमा गरिने भनिएको एकताको आलोचना गर्दै आएका थिए । उनीहरूले २०७५ सालमा भएको एकता नटिक्नुमा नेतृत्वको कमजोरी भन्दै त्यस्तै एकता जरूरी नभएको बताउँदै आएका छन् ।




## धान रोपाईमा स-साना विद्यार्थीहरु



धान रोपाईमा पूर्वाञ्चल मन्टेश्वरीका विद्यार्थीहरु

**दमक/**दमकका आधा दर्जन बढी संस्थागत विद्यालयले यसवर्ष पनि राष्ट्रिय धान दिवस विभिन्न कार्यक्रम गरि मनाएका छन् । धान रोपाईलाई व्यवहारिक रूपमा सिकाई आदानप्रदान गर्न विगतका वर्ष झै यसवर्ष पनि खेतखेतमा पुगेर विशेष उल्लासका साथ रोपाई गरेका हुन् । दमक ८ स्थित पूर्वाञ्चल मन्टेश्वरी अंग्रेजी स्कूलले असार १५ अर्थात राष्ट्रिय धान दिवसमा रोपाई गरिएको प्रिन्सीपल सविता पोखेल भट्टराईले बताईन् । उनका अनुसार विद्यार्थी, शिक्षकहरूको सहभागितामा दमक १० मा करिव ५ कठठा जमीनमा धान रोपाई गरिएको छ ।

धान रोपाईमा स्कूलका कक्षा १ देखि ८ सम्मका सय बढी छात्रछात्रा विद्यार्थीहरू खेतैमा ब्याड काड्ने र रोपाई सम्मका कृषि कर्महरू गरेर धान दिवस भव्य रूपले मनाईएको उनको भनाई छ । स्कूलका निर्देशक माधव भट्टराईले धान दिवस लगायतका मौलिक चाडपर्वहरूको महत्वका बारे विद्यार्थीहरूलाई यसरीनै सिकाई गरिदैआएको र यसले विद्यार्थीहरूको क्षमता अभिबृद्धिमा टेवा पुगेको बताउँछन् । त्यसक्रममा धान रोपाईसंगै दही चिउरा खाएर रमाईलो गरिएको थियो ।

यसैगरी, दमक ५ स्थित सर्वोदय बोर्डिङ स्कूलले दमक २ मा वृहत धान रोपाई गरेर अघिल्ला वर्षझै यसवर्ष राष्ट्रिय धान दिवस मनाईएको प्रिन्सीपल नविन योगीले बताए । सो स्कूललाई 'सिक्ने स्कूल ' का रूपमा विद्यालयले आफनो लक्ष्य लिएको छ ।

प्रिन्सीपल योगीका अनुसार कक्षा ८ देखि १० सम्मका ७० जना बढी विद्यार्थीहरूको सहभागितामा त्यहाँका सामाजिक अगुवा जितु धिमालको खेतमा पुगेर धान रोपाई गरेर धान दिवस मनाएका हुन् । दमककै झापा मोडल अंग्रेजी बोर्डिङ स्कूल (जेम्स ) , मदर ल्याण्ड अंग्रेजी बोर्डिङ स्कूल,सनराईज बोर्डिङ स्कूलले पनि राष्ट्रिय धान दिवस मनाएका छन् ।

**रास्वपा.....**नाम नामावलीबाट हटाइएको भन्दै उनले आपत्ति जनाएका छन् । पार्टीको विधानको दफा २२(४) क अनुसार समावेशिता सुनिश्चित गर्नुपर्ने भए पनि गण्डकीको हकमा पहिलो पाँचभित्रै दुई जना महिला (पवित्रा थापा र पूजा बास्तोला) निर्वाचित भइसकेकाले थप क्लस्टर मिलाउन कसैलाई विस्थापित गर्नुपर्ने अवस्था नरहेको शर्माको तर्क छ ।

उ नले भनेका छन्, 'चौथो उच्च मत प्राप्त उम्मेदवारलाई हटाएर मत परिणाम उल्ट्याउने कार्य विधानको मर्म र निर्वाचनको आधारभूत सिद्धान्तसँग मेल खाँदैन ।' शर्माले आफूलाई हटाइनु केवल व्यक्तिको विषय मात्र नभई आफूलाई विश्वास गरेर मतदान गर्ने ९९३ जना प्रतिनिधिहरूको जनमतको अवमूल्यन र अपमान भएको बताएका छन् । उनले पार्टीभित्रको लोकतान्त्रिक मूल्य, विधि र संस्थागत विश्वसनीयतामाथि नै यसले गम्भीर प्रश्न खडा गरेको उल्लेख गरेका छन् । आफूमाथि भएको अन्याय तत्काल सच्याउन र आ ̂ नो वैधानिक निर्वाचित हैसियत कायम गर्न उनले जोडदार माग गरेका छन् ।


### दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

दमक झापाको

## दमक पशुहाट कर संकलन ठेक्का आह्वानको ७ दिने सूचना

*तेस्रो पटक प्रकाशित : २०८३।०३।१७*

दमक नगरपालिकाले चालु आ.ब.२०८३।०८४ मा कृषि तथा पशुजन्य वस्तुको व्यवसायिकक कारोवारमा लाग्ने कर पशुहाट कर ठेक्काका लागि नगरपालिकाले तेस्रो पटक बोलपत्र पेशका लागि ७ दिने सूचना प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारीको लागि अनुरोध छ । यस सम्वन्धि बिस्तृत जानकारीको लागि bolpatra.gov.np मा हेर्न र पेश गर्न सक्नु हुनेछ ।

तपशिल

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारमदस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/PASU//78/82/83 | **कृषि तथा पशुजन्य वस्तुको व्यवसायीक कारोवारमा लाग्ने कर पशुहाट कर** | १,६१,०१,५५५। (अक्षरेपी एक करोड एक सठ्ठी लाख एक हजार पांच सय पचपन्न मात्र ) | कबोल गरेको रकमको ५% | ३०००। तिन हजार |

### दमक नगरपालिका दमक झापाको

## जनहितमा जारी सूचना



- लामखुटेको टोकाइबाट बच्नुहोस् ।
- *डेंगु संक्रमणबाट आफू र आफ्ना परिवारलाई बचाउनका लागि सावधानी अपनाउनुहोस् ।*
- सुत्दा झुलको प्रयोग गर्नुहोस् ।
- लामखुट्टेको टोकाइबाट बचाउने धुप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्नुहोस् ।
- पुरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउनुहोस् ।
- ट्यांकी र कुलरहरु हप्तामा एकचोटी सफा गर्नुहोस् ।
- वरपर पानी जम्न नदिनुहोस् ।
- डेंगुका कुनै पनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्थामा जानुहोस् ।


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com